आज मिति २०७७ साल फागुन ७ गते शुक्रवारका दिन यस नगरपालिकाको नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति तथा निर्णय देहाय बमोजिम रहेको छ ।

**उपस्थिति**

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | श्री मिरा जोशी | उपस्थित |
| वडाध्यक्ष वडा नं.१ | श्री खरसिं दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं.२ | श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.३ | श्री प्रेमकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.४ | श्री विश्वराज न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं.५ | श्री मोहनकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.६ | श्री सूर्यभक्त भण्डारी | उपस्थित |
| वडाध्यक्ष वडा नं.७ | श्री सतिशचन्द्र न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं.८ | श्री ओजराज पौडेल | उपस्थित |
| वडाध्यक्ष वडा नं.९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं.१० | श्री तुलसीराम सापकोटा | उपस्थित |
| वडाध्यक्ष वडा नं.११ | श्री निरबहादुर खड्का | उपस्थित |
| वडाध्यक्ष वडा नं.१२ | श्री तोत्रबहादुर कुँवर | उपस्थित |
| वडाध्यक्ष वडा नं.१३ | श्री लेखबहादुर राना | उपस्थित |
| वडाध्यक्ष वडा नं.१४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री तमबहादुर दरै | उपस्थित |
| ,, | श्री कल्पना पोखेल | उपस्थित |
| ,, | श्री चन्द्रमाया परियार | उपस्थित |
| ,, | श्री सुनसरी गुरुङ | उपस्थित |
| ,, | श्री अमृतबहादुर नेपाली | उपस्थित |
| ,, | श्री मधुमाया घर्ती | उपस्थित |
| ,, | श्री नरीमाया राना | उपस्थित |
| सचिव | श्री डिल्लीराम सिग्देल | उपस्थित |
| शाखा अधिकृत | श्री मेघनाथ आचार्य | उपस्थित |

**प्रस्तावहरु**

प्रस्ताव नं.१: श्रद्धासुमन सम्बन्धमा ।
प्रस्ताव नं.२: सडक बोर्ड नेपालको कार्यक्रम सम्बन्धमा ।
प्रस्ताव नं.३: समिति गठन सम्बन्धमा ।
प्रस्ताव नं.४: विद्युत पोल सम्बन्धमा ।
प्रस्ताव नं.५: जनशक्ति थप सम्बन्धमा ।
प्रस्ताव नं.६: आँखा शिविर सम्बन्धमा ।
प्रस्ताव नं.७: सुरक्षित आवास कार्यक्रमको किस्ता निकासा सम्बन्धमा ।
प्रस्ताव नं.८: जानकारी सम्बन्धमा ।
प्रस्ताव नं.९: ठेक्का स्वीकृत सम्बन्धमा ।
प्रस्ताव नं.१०: आधारभूत स्वास्थ्य संस्थाको अन्तिम निकासा माग सम्बन्धमा ।
प्रस्ताव नं.११: अत्यावश्यक योजनामा रकम विनियोजन सम्बन्धमा ।
प्रस्ताव नं.१२: शिक्षा तर्फको सशर्त अनुदान सम्बन्धमा ।
प्रस्ताव नं.१३: बहुउद्देश्यीय भवनको पसल कवल सम्बन्धमा ।
प्रस्ताव नं.१४: अनुमति सम्बन्धमा ।
प्रस्ताव नं.१५: वस्ती संरक्षण एवं नदी नियन्त्रण प्रस्ताव स्वीकृत सम्बन्धमा ।
प्रस्ताव नं.१६: भत्ता सम्बन्धमा ।
प्रस्ताव नं.१७: ट्याक्टर खरिद सम्बन्धमा ।
प्रस्ताव नं.१८: सफ्टवयर निर्माण सम्बन्धमा ।
प्रस्ताव नं.१९: जिम्मेवारी तोक्ने सम्बन्धमा ।
प्रस्ताव नं.२०: नदी नियन्त्रण सम्बन्धी प्रस्ताव सम्बन्धमा ।

**निर्णयहरु**

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा २००७ साल फाल्गुण ७ गते नेपालको आधुनिक इतिहास स्थापनाको प्रस्तान विन्दु भई प्रजातन्त्र स्थापना भएको दिनको ७१ औं दिवसमा शहिदहरु प्रति हार्दिक श्रद्धासुमन व्यक्त गर्ने निर्णय गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकालाई सडक बोर्ड नेपालबाट आर्थिक वर्ष २०७७०७८ मा प्राप्त हुन आएको रु.१,१५,००,०००। (एक करोड पन्ध्र लाख) र नगरपालिकाको सहभागिता समेतबाट देहाय बमोजिमका सडक मर्मत सम्भार गर्ने निर्णय गरियो ।

(क) व्यास नगरपालिका वडा नं.१, २, ३, ४ का मर्मत गर्नुपर्ने सडकहरुलाई सम्बन्धित वडा अध्यक्षहरुसँग समन्वय गरी लागत इष्टिमेट गर्ने गराउने, वडा नं.२ को विनियोजित रु.३२,००,०००। (बत्तीस लाख) सोही वडामा सहभागितात्मक बजेट समेतबाट कार्य गराउने ।
(ख) वडा नं.५ को कण्टार चोकबाट वडा कार्यालय सिन्धु मार्गसम्म मर्मत सम्भार गर्ने ।
(ग) वडा नं.७ को क्यामिन मार्गको कजवे मर्मत गर्ने,
(घ) वडा नं.१० को कुमलटारी मिलान चोक, बैरेनीको भित्री बाटो मर्मत सम्भार गर्ने,
(ङ) वडा नं.११ को पराशर मार्गको घाँसीकुवादेखि वेलटारी चोकसम्म वडाबाट विनियोजित रु.६,००,०००। (छ लाख) समेतबाट सडक नाला मर्मत सम्भार गर्ने ।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा विपद् व्यवस्थापन कोष अन्तर्गत २०७७ आषाढ श्रावणमा आएको बाढी पहिरोले क्षति पुर्याएको बाँध, कुलो र खेतहरुलाई पुर्नस्थापना गर्ने गरी नगरी नहुने कामको आवश्यक निर्णय लिन देहाय बमोजिमको समितिलाई जिम्मा दिने निर्णय गरियो ।

(क) संयोजक  नगर प्रमुख श्री वैकुण्ठ न्यौपाने

(ख) सदस्य    उप-प्रमुख श्री मिरा जोशी

(ग) सदस्य    प्रमुख प्रशासकीय अधिकृत श्री डिल्लीराम सिग्देल

(घ) सदस्य    सम्बन्धित वडाका वडाध्यक्ष

(ङ) सदस्य सचिव वातावरण तथा विपद व्यवस्थापन उपशाखा प्रमुख श्री रविन्द्रलाल मुल

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा गण्डकी प्रदेश सरकारबाट काठेपोल विस्थापन गर्न गत वर्ष प्राप्त स्टिल पोलहरु गाड्ने कार्यका लागि विद्युत प्राधिकरण तनहुँ र शिशाघाट सामुदायिक विद्युतीकरण समितिलाई अनुरोध गर्ने र यस नगरपालिकामा आवश्यक करिव २७०० (दुई हजार सात सय) पोल गण्डकी प्रदेश सरकारसँग माग गर्ने निर्णय गरियो ।

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा भूमिहिन सुकुम्बासी, भूमिहिन दलित र अव्यवस्थित बसोबासीहरुको घर जग्गा दर्ता सम्बन्धमा भए गरेका कार्यहरुको समिक्षा गरिनुका साथै अत्याधिक चाप भएका वडा नं.५, १० र १२ मा तथ्यांक संकलक थप गर्ने निर्णय गरियो ।

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका भित्रका ७० वर्ष पुगेका ज्येष्ठ नागरिकहरुको आँखा परीक्षण सम्बन्धी ४ दिने शिविर बालमन्दिर मा.वि. दमौलीमा २०७७ फागुन ११ गतेदेखि १४ गतेसम्म सञ्चालन गर्ने गरी स्वास्थ्य शाखा र महिला, बालबालिका तथा समाज कल्याण उपशाखालाई जिम्मेवारी तोक्ने निर्णय गरियो ।

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका क्षेत्रभित्र सुरक्षित आवास कार्यक्रम अन्तर्गत पहिलो किस्ता लगिसकेका सेवा ग्राहीलाई सोको कार्य प्रगतिको आधारमा सम्बन्धित वडा प्राविधिकको कार्य सम्पन्न प्रतिवेदन संलग्न राखी दोस्रो किस्ता निकासाका लागि सम्बन्धित वडा कार्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा आ.व.२०७७।०७८ को श्रावणदेखि माघ मसान्तसम्मको आन्तरिक आय रु.९,२२,१३,९८०। प्राप्त हुन आएकोले सोको जानकारी बैठकमा गराइएयो ।

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा चालु आर्थिक वर्षमा विभिन्न निर्माण कार्यको लागि प्रकाशित दरभाउपत्र/बोलपत्र सम्बन्धी सूचना अनुसार कार्यालयमा दर्ता हुन आएका विभिन्न फर्मका बोलपत्र/दरभाउपत्रहरु मध्ये तपशिलमा उल्लेखित फर्मका बोलपत्र/दरभाउपत्रहरु स्वीकृतको लागि मूल्यांकन समितिबाट सिफारिस भई आएकोले मूल्यांकन समितिको सिफारिस बमोजिम ठेक्का स्वीकृत गरी निर्माण प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

| सि. नं | योजनाको नाम | ठेक्का नं | फर्मको नाम | कबोल रकम ( मू.अ.कर र कन्टिजेन्सी बाहेक) |
|---|---|---|---|---|
| १. | कमेरेपानी साँधखोला खानेपानी योजना, व्यास १३ | (ठेक्का नं.३७/ vyasmun/२०७७।०७८) | श्री मिर नेपाल कन्स्ट्रक्सन पोखरा कास्की | रु.१,२९,५२,०५६।१६ |
| २. | केशवटार मार्ग कालोपत्रे तथा पक्की नाला निर्माण योजना | (ठेक्का नं.३८/ vyasmun/२०७७।०७८) | श्री राँघु ब्रदर्श कन्स्ट्रक्सन/विष्णु निर्माण सेवा जे.भि. व्यास ५, तनहुँ | रु.२२,७४,७९५।४० |
| ३. | वडा कार्यालय भवनमा रिटेनिङवाल कम्पाउण्ड निर्माण | (ठेक्का नं.३९/ vyasmun/२०७७।०७८) | श्री लक्ष्मी निर्माण सेवा व्यास २ तनहुँ | रु.९,७१,१००। |

**निर्णय नं.१०**: प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका क्षेत्र भित्र विभिन्न ६ वटा वडाहरुमा नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको "स्वास्थ्य संस्था भवन निर्माण अनुदान कार्यक्रम" अन्तर्गत आधारभूत स्वास्थ्य सेवा केन्द्र भवन निर्माणको कार्य सम्पन्न भएको हुँदा सम्पूर्ण योजनाको प्राविधिक अन्तिम मूल्यांकन सहित अन्य आवश्यक कागजातहरु संलग्न राखी श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा अन्तिम किस्ता निकासा माग गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं.११**: प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका क्षेत्रभित्र अत्यावश्यक रुपमा सञ्चालन गर्नुपर्ने देहाय बमोजिमका योजना तथा कार्यक्रममा रकम विनियोजन गर्ने निर्णय गरियो ।

| सि.नं. | योजना कार्यक्रमको नाम | वडा | विनियोजित रकम | शीर्षक |
|---|---|---|---|---|
| १. | दोभान युवा क्लब भवन थप | १ | ३००,०००। | १२७ |
| २. | रिखुराम थापा- व्यवसायिक बंगुर पालन तारवार | १३ | ५०,०००। | १२७ |
| ३. | मगर समाज सुधार बाध्यबादन सामग्री खरिद | ३ | ८०,०००। | ६५ |
| ४. | फुटसल तथा विच सक्कर जिल्लास्तरीय प्रतियोगिता | ४ | २५,०००। | ७६ |
| ५. | छाब्दी मार्ग चारकुने चौतारादेखि वडा कार्यालय अगाडि पक्की नाला निर्माण | ५ | ४००,०००। | १२७ |
| ६. | अमरापुरी टोल व्यास बोर्डिङ जाने बाटो पि.सि.सि. थप | २ | ७१,०००। | १२७ |
| ७. | डिलबहादुर कामी-आरनमा टिनको छाना निर्माण समेत | ५ | १५,०००। | ५२ |
| ८. | नेपालटार सामुदायिक भवन संरक्षण (पहिरो नियन्त्रण) | ५ | १००,०००। | विपद् |
| ९. | पतेनीटार सामुदायिक टोल थप नाला निर्माण | ५ | २००,०००। | १२७ |
| १०. | नेपालटार जनजुक्त शाही मा.वि. कल्भर्ट निर्माण समेत | ५ | २५०,०००। | १४२ |
| ११. | कण्टार रिङरोड नाला सफाई र ग्राभेल राख्ने कार्य | ५ | १००,०००। | १२७ |
| १२. | सिन्धु मार्ग साँगे खोलाको पुलसम्म मर्मत सम्भार | ५ | ३००,०००। | १२७ |
| १३. | कण्टार रिङरोड अन्तरगत निकास नाला निर्माण | ५ | ५००,०००। | १२७ |
| १४. | मेलमिलाप आमा समूह भवनमा शौचालय निर्माण | ६ | ५०,०००। | १४६ |
| १५ | उन्नति आमा समूह भवन संरक्षण (पहिरोका कारण) | ६ | ४०,०००। | १२७ |
| १६ | बाह्रविसे पराशर टोल सामुदायिक भवन (मन्दिर) निर्माण | ६ | ३००,०००। | ७४ |
| १७ | शिशाघाट लटार्दीमा रहेको कब्रिस्तान तारवार | ६ | ८०,०००। | १२७ |
| १८ | स्याम्घा हटिया स्थित अकलादेवी मन्दिर जीर्णेद्धार | ६ | ३००,०००। | ७४ |
| १९ | पाथ्रा खानेपानी टंकी संरक्षण | ७ | १००,०००। | १२२ |
| २० | सुनखोल्सी खानेपानी टंकी संरक्षण | ७ | १००,०००। | १२२ |
| २१ | पदमबहादुर कामीको बाटोखन्दा घर जोखिममा रहेकोले घर संरक्षण | ८ | ५०,०००। | विपद् |
| २२ | गंगाराज मिश्र खानेपानी पाइप खरिद | ८ | १८,०००। | १२२ |

| | | | | |
|---|---|---|---|---|
| २३ | विपन्न छविलाल कामीको घरमा टिन सहयोग | १० | २४,०००। | ५२ |
| २४ | शंकर ब.कार्की नयाँवस्ती रत्न टोल शौचालय निर्माण | १० | २०,०००। | 40 |
| २५ | आसामाया वि.क. रत्न टोल शौचालय निर्माण | १० | २०,०००। | ५२ |
| २६ | मिनबहादुर वि.क. अधेरीभन्ज्याङ शौचालय निर्माण | १० | २०,०००। | ५२ |
| २७ | विशाल वि.क. नयाँवस्ती शौचालय निर्माण | १० | २०,०००। | 52 |
| २८ | निर्वुचौतारा बराहखोला गुम्बा जाने बाटो मर्मत सुधार | ११ | २००,०००। | १२७ |
| २९ | फराकचौर टोल अधुरो सामुदायिक भवन निर्माण | ११ | १५०,०००। | 65 |
| ३० | भर्याङदी रातमाटा टोल विकास खानेपानी पाइप खरिद | ११ | ५०,०००। | १२२ |
| ३१. | तनहुँशुर देवस्थल सामुदायिक होमस्टे सहयोग | ११ | ५०,०००। | 80 |
| ३२. | पोल्याङ फुटवल खेल मैदान निर्माण | ११ | ३००,०००। | १२७ |
| ३३. | मत्स्यकन्या आ.वि. हुँदै आवतजावत गर्ने बाटो मर्मत | १२ | १५,०००। | १२७ |
| ३४. | कमलवारी महिला सामुदायिक भवन थप र वाल निर्माण | १२ | ३००,०००। | १४६ |
| ३५. | सिद्धेश्वरी मा.वि. नजिक नाला निर्माण | १२ | १,२००,०००। | १४२ |
| ३६. | बखान हि आले मगरको बाटो निर्माणले क्षति पुर्‍याएको हुँदा घर संरक्षण सहयोग | १२ | ५०,०००। | विपद् |
| ३७. | कमलावारी वेलौती ग्रह्वा खानेपानी पाइप खरिद | १२ | २५०,०००। | १२२ |
| ३८. | छापडाँडा भन्ज्याङ प्रधानमन्त्री रोजगार कार्यक्रम थप | १३ | ५००,०००। | सशर्त |
| ३९. | जनजागृति गंगा मा.वि. | १३ | १५०,०००। | ५९४ |
| ४०. | गुदी फच्याङ आ.वि. | १३ | १५०,०००। | ५९४ |
| ४१. | सिद्धवेनी आ.वि. | १३ | १५०,०००। | ५९४ |
| ४२. | बालकल्याण प्रा.वि. | १३ | ५०,०००। | ५९४ |
| ४३. | सितला प्रा.वि. | १३ | ५०,०००। | ५९४ |
| ४४. | वेनीमित्र प्रा.वि. | १३ | ५०,०००। | ५९४ |
| ४५. | चिसापानी ठाँटी पोखरीभन्ज्याङ बाटो सुधार थप | १३ | ५०,०००। | १२७ |
| ४६. | छाब्दी पशुपंक्षी तथा कृषि फर्म पाइप खरिद | १३ | ५०,०००। | १२२ |
| ४७. | भड्खला कृयापुत्री भवन निर्माण | १३ | १००,०००। | १२७ |
| ४८. | छाब्दी एकता आमा समूह अधुरो भवन निर्माण | १४ | ७५,०००। | १२७ |
| ४९. | अप्सरा पन्थ समेतको घर संरक्षणका लागि नजिकमा रहेको कुलोमा पाइप राख्ने कार्य | १४ | ३५,०००। | १२२ |
| ५०. | जलवाराही मन्दिर निर्माण | १४ | १००,०००। | १२७ |
| ५१. | रजबाम युवा क्लब खेल मैदान | १४ | ३००,०००। | १२७ |

| | | | | |
|---|---|---|---|---|
| ५२. | ढाकेस्वारा सामुदायिक अधुरो भवन रकम थप | १४ | ८०,०००। | 65 |
| ५३. | आदिवासी जनजाती भवन सहयोग | १ | ४००,०००। | ७४ |
| ५४. | जिवन विज्ञान प्रयोगशाला तालिम संचालन | | ४०,०००। | ७६ |
| ५५. | स्याम्घा स्वास्थ्यचौकी सामग्री खरिद | ६ | २००,०००। | ७९ |
| ५६. | कर्मचारी सुत्केरी पोषण खर्च | | ३५,०००। | ७६ |
| ५७. | देउराली नगर पशुबध थप काम | ३ | ६३९,०००। | १४४ |
| ५८. | कुन्छाली टोल अन्तर्गत फोहोर मैला व्यवस्थापन केन्द्रसम्म रिटेनिङवाल निर्माण | १ | ८३८,०००। | १४४ |
| ५९. | फोहोर मैला व्यवस्थापन केन्द्रसम्मको भद्रुटारी रिङरोडमा कच्ची नाला निर्माण | १ | २००,०००। | १४४ |
| ६०. | दमौली बजार सि.सि.क्यामेरा मर्मत | | ३००,०००। | १२७ |
| ६१. | छाब्दी बराह महिला प्रहरी कक्ष निर्माण मर्मत | | ५००,०००। | १५२ |
| ६२. | व्यास नगर व्याड्मिन्टन क्लब (मेयर कप) | | १५०,०००। | ३९ |
| ६३. | परिवर्तन नेपाल क्रिकेट खेल प्रतियोगिता | | २५,०००। | ७६ |
| ६४. | पृथ्वी राजमार्गदेखि चन्द्रकलाको घरसम्म नाला निर्माण | ५ | १००,०००। | १२७ |
| ६५. | प्राङ्गीक विद्यार्थी परिषद्को सरसफाई अभियान | | ४०,०००। | ७६ |
| ६६. | सितलचोक बाटो पहिरो नियन्त्रण गरी घर संरक्षण | ४ | १,३५०,०००। | विपद् |

**निर्णय नं.१२**: प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा शिक्षा तर्फको सशर्त अनुदान कार्यक्रम अन्तर्गतको देहाय बमोजिमका विद्यालयहरुलाई निम्न अनुसारको कार्यक्रम गर्ने गरी रकम बाँडफाँड गर्ने निर्णय गरियो ।

| सि.नं. | योजना/कार्यक्रमको नाम | वडा | विनियोजित रकम | शीर्षक |
|---|---|---|---|---|
| १. | जलदेवी माध्यमिक विद्यालय आ.सि.टि. व्यवस्थापन | १ | ६५०,०००। | |
| २. | केशवटार माध्यमिक विद्यालय आ.सि.टि. व्यवस्थापन | १४ | ६५०,०००। | |
| ३. | इन्दु माध्यमिक विद्यालय आ.सि.टि. व्यवस्थापन | ६ | ६५०,०००। | |
| ४. | महर्षि वेदव्यास संस्कृत मा.वि. पुस्तकालय व्यवस्थापन | ३ | ६५०,०००। | |
| ५. | सिद्धेशवरी मा.वि. पुस्तकालय व्यवस्थापन | १२ | ६५०,०००। | |
| ६. | चण्डीदेवी रा.मा.वि. पुस्तकालय व्यवस्थापन | १० | ६५०,०००। | |
| ७. | शिव पाञ्चायन मा.वि. पुस्तकालय व्यवस्थापन | ३ | ६५०,०००। | |
| ८. | महेन्द्रज्योति मा.वि. विज्ञान प्रयोगशाला व्यवस्थापन | ९ | ६५०,०००। | |
| ९. | क्यामिन मा.वि. विज्ञान प्रयोगशाला व्यवस्थापन | ७ | ६५०,०००। | |
| १०. | बाल मन्दिर मा.वि. विज्ञान प्रयोगशाला व्यवस्थापन | २ | ६५०,०००। | |

| | | | | |
|---|---|---|---|---|
| ११. | जनजागृति गंगा मा.वि. शौचालय निर्माण | १३ | ७००,०००। | |
| १२. | बाराही मा.वि. शौचालय निर्माण | ११ | ७००,०००। | |
| १३. | जनजुक्त शाही मा.वि. शौचालय निर्माण | ५ | ७००,०००। | |
| १४. | सर्वज्याति मा.वि. शौचालय निर्माण | १० | ७००,०००। | |
| १५. | अमरज्योति मा.वि. कार्यसम्पादनमा आधारित | १२ | ५०,०००। | |
| १६. | जनसेवा प्रा.वि. कार्यसम्पादनमा आधारित | २ | ५०,०००। | |
| १७. | शंकर प्रा.वि. कार्यसम्पादनमा आधारित | ६ | ५०,०००। | |
| १८. | बुद्धदाहाल बहिरा प्रा.वि. कार्यसम्पादनमा आधारित | १ | ५०,०००। | |
| १९. | सिद्धवेनी आ.वि. कार्यसम्पादनमा आधारित | १३ | ५०,०००। | |
| २०. | जनता आ.वि. विज्ञान, गणित र अंग्रेजी विषयका लागि किट्स खरिद | १० | ५०,०००। | |
| २१. | चण्डिका आ.वि. विज्ञान, गणित र अंग्रेजी विषयका लागि किट्स खरिद | ११ | ५०,०००। | |
| २२. | शिव मा.वि. विज्ञान, गणित र अंग्रेजी विषयका लागि किट्स खरिद | १० | ५०,०००। | |
| २३. | उदय मा.वि. विज्ञान, गणित र अंग्रेजी विषयका लागि किट्स खरिद | ५ | ५०,०००। | |

**निर्णय नं.१३:** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा यस व्यास नगरपालिकाको बहुउद्देश्यीय भवनमा रहेको पसल कवल नं.११८ यस कार्यालय प्रयोजनको लागि आवश्यक रहेको हुँदा उक्त पसल कवलमा व्यवसाय संचालन गरी बस्ने व्यास आइ.टि. सेन्टरलाई पसल कवल ११३ मा यस नगरपालिकाले निर्धारण गरेको न्यूनतम मासिक भाडा दर रु.२७,०००। (सत्ताइस हजार) लिने गरी स्थानान्तरण गर्ने निर्णय गरियो ।

**निर्णय नं.१४:** प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा देहायमा उल्लेखित स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरुले कार्यालय समय वाहेक अन्य समयमा काम गर्नको लागि अनुमति माग भई आएको हुँदा कार्यालयको कामलाई बाधा नपर्ने गरी कार्यालय समय वाहेक अन्य समय काम गर्न अनुमति प्रदान गर्ने निर्णय गरियो ।

| सि. नं. | कर्मचारीको पद र नाम थर | कार्यरत संस्था | गर्न चाहेको काम / व्यवसाय |
|---|---|---|---|
| १. | हे.अ. श्री सागर तिवारी | पोखरीभन्ज्याङ स्वास्थ्य चौकी, व्यास १३ | अध्यापन |
| २. | हे.अ. श्री खुसीराम क्षेत्री | गजुरे स्वास्थ्यचौकी, व्यास ९ | औषधिजन्य व्यवसाय |

**निर्णय नं.१५:** प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.३ स्थित सृजना टोल विकास संस्था र शान्तिनगर टोल विकास संस्थाको वस्ती जोखिम नियन्त्रण र भतेरी जग्गा संरक्षणका लागि मादी नदी तटबन्धन कार्यको लागि लागत इष्टिमेट रु.१,९१,४८,३२८।५५ रकम

बराबरको प्रस्ताव तयार गरी गण्डकी प्रदेश सरकारको मुख्यमन्त्रीको कार्यालय र भौतिक पूर्वाधार विकास मन्त्रालयमा स्वीकृतिका पठाउने निर्णय गरियो ।

**निर्णय नं.१६:** प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा प्राकृतिक श्रोत साधन अन्तर्गत मादी नदीको ढुंगा, गिटी, वालुवा नगरपालिका आफैले अमानतमा उठाउँदै आएकोमा उक्त कार्यमा खटिने नगर प्रहरी कर्मचारीलाई दैनिक रु.८००। र अन्य कर्मचारीलाई १,०००। का दरले भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.१७:** प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.८ को वडा कृषिमा विनियोजित बजेटबाट सम्बन्धित कृषकसँग सम्झौता गरी ११ वटा हाते ट्याक्टर ८० प्रतिशत अनुदान खरिद गर्ने निर्णय गरियो । साथै उक्त हाते ट्याक्टर कृषक स्वयंलाई नै कार्यालयले तोकेको मापदण्डका आधारमा खरिद गर्न लगाई कृषकहरुले पेश गरेको नियमानुसारको विल भरपाई चेकजाँच गरी अनुदान रकम भुक्तानी दिने निर्णय समेत गरियो ।

**निर्णय नं.१८:** प्रस्ताव नं.१८ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका कार्यालय अन्तर्गत रहेको शिक्षा तथा सामाजिक विकास शाखालाई प्रविधि मैत्री बनाउन आवश्यक पर्ने सफ्टवयर निर्माण गरी राख्ने कार्यका लागि बढिमा रु.५,००,०००। (पाँच लाख) भित्र रहने गरी आवश्यक प्रकृया अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१९:** प्रस्ताव नं.१९ का सम्बन्धमा छलफल हुँदा बाल अधिकार संरक्षण तथा सम्बर्द्धन सम्बन्धी कार्यसञ्चालन कार्यविधि २०७७ को दफा ४ (१) बमोजिम बालमैत्री स्थानीय शासन समिति अन्तर्गत बाल डेक्स हेर्नेका लागि बालबालिकाको क्षेत्रमा कार्य अनुभवन भई यस नगरपालिकामा समायोजित अधिकृत कर्मचारी श्री सन्तोष गोदारलाई जिम्मेवारी तोक्ने निर्णय गरियो ।

**निर्णय नं.२०:** प्रस्ताव नं.२० का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.१० को सिसुवा भतेरी मादी नदी उकास जग्गामा करिब २०० रोपनीमा गौ संरक्षण केन्द्र स्थापना भएको, करिब १५०० रोपनी जग्गा औद्योगिक क्षेत्र प्रस्ताव भएको, हाल फोहोर मैला प्रशोधन केन्द्र समेतको संरक्षणका लागि तटबन्धन गर्न अत्यावस्यक देखिएकोले लागत इष्टिमेट रु.२,३६,३२,०२९।५० को प्रस्ताव गण्डकी प्रदेश सरकारको मुख्यमन्त्रीको कार्यालय र भौतिक पूर्वाधार विकास मन्त्रालयमा स्वीकृतिका पठाउने निर्णय गरियो ।